मिति ०७८ पौष ३० गते शुक्रबार
समय : दिनको ११.०० बजे

कमलामाई नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर खत्रीको अध्यक्षतामा दशौ नगरसभा बैठक संचालन भई निम्न निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख | -नगर सभा अध्यक्ष |
| श्री मन्जु देवकोटा | उप प्रमुख | -नगरसभा सदस्य |
| श्री महेश खतिवडा | वडाअध्यक्ष-१ | -नगरसभा सदस्य |
| श्री नवराज थिङ | वडाअध्यक्ष-२ | -नगरसभा सदस्य |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष-३ | -नगरसभा सदस्य |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष-४ | -नगरसभा सदस्य |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष-५ | -नगरसभा सदस्य |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष-६ | -नगरसभा सदस्य |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष-७ | -नगरसभा सदस्य |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष-८ | -नगरसभा सदस्य |
| श्री देवराज पौडेल | वडाअध्यक्ष-९ | -नगरसभा सदस्य |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष-१० | -नगरसभा सदस्य |
| श्री राम बहादुर थिङ . | वडाअध्यक्ष-११ | -नगरसभा सदस्य |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष-१२ | -नगरसभा सदस्य |
| श्री किरण माझी | वडाअध्यक्ष-१३ | -नगरसभा सदस्य |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष-१४ | -नगरसभा सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य | -नगरसभा सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य | -नगरसभा सदस्य |

| | | |
|---|---|---|
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य | -नगरसभा सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य | -नगरसभा सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य | -नगरसभा सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य | -नगरसभा सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य | -नगरसभा सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य | -नगरसभा सदस्य |
| श्री अच्यूतम ढकाल | | -नगरसभा सदस्य |
| श्री श्याम बहादुर स्याङतान | | -नगरसभा सदस्य |
| श्री मनमाया विश्वकर्मा | | -नगरसभा सदस्य |
| श्री देवी प्रसाद गौतम | | -नगरसभा सदस्य |
| श्री सन्तमाया थिङ | | -नगरसभा सदस्य |
| श्री सन्त कुमारी कामी | | -नगरसभा सदस्य |
| श्री तुलसी प्रसाद आचार्य | | -नगरसभा सदस्य |
| श्री खेम बहादुर हायू | | -नगरसभा सदस्य |
| श्री सुर्य कुमारी स्याङबा | | -नगरसभा सदस्य |
| श्री हिरा कुमारी सार्की | | -नगरसभा सदस्य |
| श्री दिपेन्द्र श्रेष्ठ | | -नगरसभा सदस्य |
| श्री अमृत बहादुर श्रेष्ठ | | -नगरसभा सदस्य |
| श्री विमला विशंखे | | -नगरसभा सदस्य |
| श्री तुलसी प्रसाद गौतम | | -नगरसभा सदस्य |
| श्री सम्झना कुमारी रोक्का | | -नगरसभा सदस्य |
| श्री दिपा लैजु | | -नगरसभा सदस्य |

| | |
|---|---|
| श्री बुद्ध बहादुर बम्जन | -नगरसभा सदस्य |
| श्री घनश्याम देवकोटा | -नगरसभा सदस्य |
| श्री लोक विक्रम थापा | -नगरसभा सदस्य |
| श्री गोमा कुमारी प्रधान | -नगरसभा सदस्य |
| श्री तारा विश्वकर्मा | -नगरसभा सदस्य |
| श्री सोमबहादुर बल | -नगरसभा सदस्य |
| श्री शुकलाल लामा | -नगरसभा सदस्य |
| श्री तिर्थमाया दमाई | -नगरसभा सदस्य |
| श्री मिठु दर्नाल | -नगरसभा सदस्य |
| श्री भिम बहादुर बोगटी | -नगरसभा सदस्य |
| श्री विष्णु बुर्जा | -नगरसभा सदस्य |
| श्री डोर प्रसाद सुवेदी | -नगरसभा सदस्य |
| श्री दान बहादुर बस्नेत | -नगरसभा सदस्य |
| श्री तिल कुमारी माझी | -नगरसभा सदस्य |
| श्री रामप्यारी नेपाली | -नगरसभा सदस्य |
| श्री भक्त बहादुर आलेमगर | -नगरसभा सदस्य |
| श्री गौतम प्रसाद भट्टराई | -नगरसभा सदस्य |
| श्री मंजु हायू | -नगरसभा सदस्य |
| श्री आईत बहादुर मुक्तान | -नगरसभा सदस्य |
| श्री लोकेन्द्र बहादुर बुढाथोकी | -नगरसभा सदस्य |
| श्री रेशम माया कामी | -नगरसभा सदस्य |
| श्री सुर्यमान थिङ | -नगरसभा सदस्य |

| | |
|---|---|
| श्री बेली कुमारी सिदाली | -नगरसभा सदस्य |
| श्री सिता माया बसेल | -नगरसभा सदस्य |
| श्री जंग बहादुर बराल | -नगरसभा सदस्य |
| श्री रेशम कुमारी कमर | -नगरसभा सदस्य |
| श्री सोमती सार्की | -नगरसभा सदस्य |
| श्री खड्ग बहादुर बोहोरा | -नगरसभा सदस्य |
| श्री बल बहादुर पूर्वाछाने | -नगरसभा सदस्य |
| श्री उर्मिला कुमर | -नगर सभा सदस्य |
| श्री राज बहादुर विश्वकर्मा | -नगरसभा सदस्य |
| श्री शम्भु राउत | -नगरसभा सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | -नगरसभा सदस्य |
| श्री विशकसेन ढकाल | -सदस्य सचिव |

**कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०७८/८९ को दशौं हिउदे नगरसभामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको सम्बोधन।**

कमलामाई नगरपालिकाको यस गरिमामय दशौं नगरसभामा उपस्थित उपप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगरसभाका सबै सदस्यज्यूहरु,
उपस्थित कर्मचारी मित्रहरु।
सबैमा कमलामाई नगरपालिकाको तर्फबाट र मरो व्यक्तिगत तर्फबाट यहाँहरुलाई न्यानो स्वागत, हार्दिक अभिवादन र सम्मान व्यक्त गर्दछु।

१. कमलामाई नगरपालिकाको हिउदे यस सम्मानित सभामा पेश गर्नु पर्ने महत्वपूर्ण विषयहरु लिएर म उपस्थित भएको छु। यस महत्वपूर्ण घडीमा नेपालको राजनीतिक परिवर्तनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। देशको परिवर्तन र अग्रगमनमा घाइते तथा बेपत्ता हुन भएका योद्धाहरुप्रति म उच्चसम्मान व्यक्त गर्दछु। साथै, राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नु हुने सम्पूर्ण नेपाली जनतामा सम्मानका साथ हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

२. कोभिडको कारण थला परेको अर्थतन्त्र विस्तारै उठ्ने तरखर गर्दै गरेको अवस्थामा पुनः कोभिडबाट संक्रमित हुनेहरुको संख्या विश्वभर नै बढ्दै गएको परिदृश्यबाट हामी पनि सजक र सचेत रहनु पर्ने अवस्था आएको छ। विगतमा कोभिडका कारणले पुर्‍याएको क्षति र दिएको पिडा हामीमाफ डरलाग्दो गरी हाम्रो मानसपटलमा अझै आइरहन्छ। कोभिडको रोकथाम र नियन्त्रण कार्यमा सरकार लागि नै रहेको छ। सरकारको कोभिड विरुद्धको खोप कार्यक्रम तथा अन्य विभिन्न सचेतनामूलक कार्यक्रममा साथ र सहयोग गर्नका लागि म सबैमा अपिल गर्दछु।

३. कमलामाई नगरपालिकाले पारित गरेको आ.ब. २०७८/७९ को नीति, कार्यक्रम र बजेट अनुसार आफ्ना विभिन्न कार्यहरु अघि बढाइरहेको कुरा यहाँहरुलाई अवगत नै छ। यस आर्थिक वर्षमा नगरले प्राथमिकता राखेका महत्वपूर्ण कार्यक्रमहरु जस्तोः सिटी हल निर्माण, नगर स्वरोजगार कार्यक्रम, सुत्केरी महिलालाई घिउ वितरण कार्यक्रम, बा आमाको मुस्कान नगरपालिकाको खुसी कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकलाई नयाँ दात राख्ने कार्यक्रम, दक्षजनशक्तिको लागि प्रतिस्पर्धात्मक तथा ज्ञानमूलक तालिम कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम, भिमान स्वास्थ्य चौकी चिकित्सक व्यवस्थापन, मोतिया विन्दु निःशुल्क उपचार कार्यक्रम, सिन्धुलीगढी पूर्वाधार विकास कार्यक्रम, सेफ हाउस व्यवस्थापन, गायक कृष्ण विक्रम थापाको सालिक निर्माण, ऐलानी तथा अव्यवस्थित जग्गा अभिलेखीकरण तथा पुर्जा वितरण कार्यक्रम, जनमैत्री खानेपानी वडा नं. ७, दोभान डाँडाटोल कालोपत्रे सडक निर्माण क.न.पा. १०, एकपाखे छतिवन सिर्के तिनपाटन जोड्ने सडक स्तरोन्नती, केवरे केराबारी सडक स्तरोन्नती

लगायतका निर्माण कार्यहरु र विषयगत तथा क्षेत्रगत रुपमा बजेट विनियोजन भएका शिक्षा, स्वास्थ्य, कृषि, पशु, लक्षित वर्ग, उद्योग तथा व्यवसाय प्रवर्द्धन, खेलकुद विकास, सहकारी क्षेत्र, वातावरण तथा फोहोरमैला व्यवस्थापन, न्यायीक समिति कार्यक्रम, भवन तथा बस्ती विकास कार्यक्रम, संस्थागत विकास तथा सुशासन सम्बन्धि कार्यक्रमहरुका साथै संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित भई प्राप्त भएका सशर्त कार्यक्रमहरु समयमै तीव्रताका साथ संचालन भइरहेका छन् । नगरपालिकाले यस आर्थिक वर्षमा ठेक्का पट्टाको माध्यमबाट सञ्चालन गर्नु पर्ने कार्यहरु समेत समयमै ठेक्का व्यवस्थापन गरी कार्य भैरहेको छ । यस आर्थिक वर्षमा वडागत रुपमा विनियोजित पुँजीगत बजेटका कार्यहरु धेरै वडाहरुमा सञ्चालन भैरहेकाछन् र वडागत रुपमा पठाईएका योजनाहरुको समयमै सम्झौता गरी कार्य अगाडि बढाउने कार्यमा सहयोग र सहकार्यका लागि म सबैमा अनुरोध गर्दछु । पुँजीगत बजेट समयमै खर्च नहुने रोगबाट अब हामी मुक्त हुनै पर्छ । पुंजिगत खर्चबाटै विकासका पूर्वाधारहरु अघि बढ्ने र सुखी नेपाली समृद्ध नेपालको अभियानमा सार्थकता मिल्ने भएकाले हामी सबैले यस तर्फ सजग एवं समर्पित ढंगले लाग्न म सबैमा हार्दिक अनुरोध गर्दछु ।

४. हामी निर्वाचित भई आएको झण्डै ५ (पाँच) वर्ष पुग्नै लाग्दा तपाई हामीले के-के कामहरु गर्न सक्यौ । यस अवधिमा हामीले गरेका कामहरुको समिक्षा गर्ने बेला आएको छ । आम नगरवासीले हामी प्रति गरेको विश्वास र साथलाई पक्कै पनि हामीले न्यायपूर्ण ढंगले वहन गरिरहेका छौ भन्ने मलाई लाग्छ र अवको बाँकी अवधिमा समेत हामीले आफ्नो जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्न म सबै सदस्यज्यूहरुलाई अनुरोध गर्दछु । यस अवधिमा कमलामाई नगरपालिकाले गरेका धेरै महत्वपूर्ण कार्यहरु मध्ये केही कार्यहरु तपशिल बमोजिम रहेको म स्मरण गराउन चाहान्छु ।

तपशिल :

**क) भौतिक पूर्वाधार तर्फका कार्यहरु :**

- ढुङ्ग्रेबास - मल्ल गाउँ, रातमाटा प्लानिङ्ग,पानीट्याङ्की -डाडाँटोल, पानीट्याङकी - बर्देउटार, पानीट्यङ्की - अछामे, रातमाटे - सिलामे, पेट्रोल पम्प - गडौली, डाडाँटोल - दोभानटार, करकरे कालोपत्रे सडक ।
- माईस्थान - पातिपरान -ईश्वरपूर सडक निर्माण ।
- माढी बजार, ढुङ्ग्रेबास र भिमान बजार सडक कालोपत्रे, सडक ओभरलेइङ्ग ।
- सिन्धुली बसपार्क निर्माण ।
- खम्बेचौर पार्क पुनःनिर्माण ।
- सिन्धुलीगढी युद्ध संग्राहालय तथा पार्क निर्माण ।
- महिला सुरक्षा भवन ( सेफ हाउस ) निर्माण ।
- बहुउद्धेशीय नगरसभा भवन निर्माण (सिटीहल) शुरु ।
- कमलामाई नगरको मुख्य बजार क्षेत्रहरुमा सोलार बत्ती र सिसि क्यामेरा जडान कार्य अन्तरगत ८१ वटा सि.सि क्यामेरा र २२० वटा सोलार बत्ती जडान ।

- "नगरवासीको चाहना, उज्यालो नगरपालिका हाम्रो कामना" को अवधारणा अनुरुप विद्युतको पहुँचबाट टाढा रहेका बस्तिहरुमा विद्युतिकरण गरिने कार्य सम्पन्न भएको छ ।
- नगरभित्रका गाउँटोलहरुमा सडक पोलबत्ती जडान ।
- जनजाती संग्राहायल र कला घर निर्माण कार्यको सुरुवात ।
- जनमैत्री खानेपानी वडा नं ७ योजना अन्तिम चरणमा पुगेको ।
- पाँचवटा स्वास्थ्य चौकी भवन निर्माण ।
- जस्तापाता वितरण गरि खरपरालले छाएको छानो विस्थापित गरिएको ।
- कमलामाईको डीपीआर अनुसार बुद्धनगर हुँदै चकमके जाने सडक कालोपत्रेको कार्य हुँदै गरेको ।
- कमलामाई नगरपालिका वडा नं. ९ भिमान बाट वडा नं १० जोड्ने कमला पक्की पुल नगरपालिकाको पहलमा निर्माण कार्य हुँदै गरेको ।
- नगरपालिकाको पहलमा कारागार जोड्ने पक्की पुल निर्माण हुँदै गरेको ।
- कमलामाई नगरपालिकाको २ नं बजारमा वडा नं ६ र वडा नं ५ लाई जोड्ने पक्की पुल नगरपालिकाको पहलमा कार्य भैरहेको ।
- कमलामाई नगरपालिका वडा नं १० र वडा नं १३ जोड्ने चदाहा खोलामा पक्की पुल निर्माण हुँदै गरेको ।
- कमलामाई नगरपालिकाको सिन्धुलीगढीमा रानीदरबार निर्माणको लागि पुरातत्व विभागबाट डीपीआर गर्न नगरपालिकाले पहल गरी हाल निर्माण कार्य भैरहेको र शिद्धवावा भ्यूटावर प्रदेश सरकारको आर्थिक सहयोग र नगरपालिकाको पहलमा निर्माण हुदै गरेको ।
- नगरपालिकाको डीपीआरमा पेट्रोल पम्प देखि चिस्यान्त भन्ज्याङ्ग जोड्ने मोटर बाटो प्रदेश सरकारबाट निर्माण हुँदै गरेको ।
- नगरपालिकाको डीपीआरमा सोलाभन्ज्याङ्ग तारुफेदी सडक निर्माण ।
- ग्वाँग खोला चुवाबोटेमा बन्ने पक्की पुलको नगरपालिकाले डीपीआर गरी कार्य अगाडि बढाएको ।
- कमलामाई नगरपालिकाको डीपीआरमा भिमान बसपार्क प्रदेश सरकारबाट निर्माण भैरहेको ।

**ख) राजश्व तर्फ :**

- स्थानीय सरकार लागु हुदाँ २०७४ सालमा नगरपालिकाको आन्तरिक श्रोत ७० लाख ( सत्तरी लाख) मात्र थियो । अहिले करका दायरहरु विस्तार हुदै आएका छन् । घरवाहाल

कर, सम्पत्ति कर, घरनक्शा दस्तुर र सिन्धुलीगढी युद्ध संग्राहालय प्रवेश शुल्क नगरपालिकाको महत्तवपूर्ण आन्तरिक श्रोतको रुपमा रहेका छन् । आ.व. २०७७/०७८ मा कमलामाई नगरपालिकाको आन्तरिक आय श्रोत ८ करोड (आठ करोड) रहेको थियो । आन्तरिक आय श्रोतलाई बलियो बनाउन नगरपालिका निरन्तर लागिरहेको छ र यस आ.व.मा गत आ.व.को तुलनाममा आन्तरिक आयमा वढोत्तरी हुने आशा गरिएको छ ।

**ग) ऐन, नियम, कार्यविधि निर्माण**

- यस अवधिमा निर्माण सम्पन्न भएका ऐन, नियम, कार्यविधि

| | | |
|---|---|---|
| ऐन | :- | १९ |
| नियम | :- | ६ |
| कार्यविधि, कार्ययोजना | :- | ५६ |
| **जम्मा** | :- | **८१ वटा** |

**घ) सूचना तथा संचार प्रविधि तर्फ :**

- सम्पूर्ण वडा कार्यालयहरुमा फाईवर सहितको इन्टरनेट विस्तार गरि चौध वटै वडामा अनलाईन मार्फत राजश्व संकलन ।
- नगरपालिकाको कार्यालय सहित सम्पूर्ण वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा विधुतीय हाजिरी जडान ।
- नगरपालिकाको घर नक्शा पासलाई व्यवस्थित गर्नका निम्ति विधुतीय प्रणाली लागु गरिएको, सम्पूर्ण वडाहरुमा योजना व्यवस्थापन प्रणाली सफटवेयर संचालनमा ल्याएको साथै विभिन्न कार्यहरुलाई छिटो, छरितो र पारदर्शीता वनाउनका निम्ति सफट्वेयर प्रणाली लागु गरिएको छ ।
- वसपार्क क्षेत्र र सिन्धुली अस्पताल क्षेत्रमा फ्रि वाईफाई संचालन ।
- नागरिक वडापत्रलाई व्यवस्थित गर्नका निम्ति स्मार्ट हेल्प डेक्स संचालन ।
- नगरपालिकामा डाटा भण्डारण कार्यको लागि सर्भर जडान ।

**ङ) कृषि विकास क्षेत्र :**

- कृषिमा यान्त्रिकिकरण गर्नका निम्ति विभिन्न कृषि सामाग्रीहरु मिनि टिलर, थ्रेसर, ड्याङग बनाउने मेशिन आदि सामाग्रीहरु वितरण ।
- एक वडा एक उत्पादन कार्यकम संचालन ।
- खाद्यन्न तथा तरकारी वालीको विउ वितरण ।
- विभिन्न वालीहरुको पकेट निर्माण तथा संचालन ।
- प्राङगारिक खेती विस्तारका लागि प्राङगारिक खेती प्रवर्द्धन कार्यक्रम संचालन ।
- वेमौसमी खेतीका लागि प्लाष्टिक घर निर्माण तथा टनेल प्लाष्टिक वितरण ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरु लक्षित कार्यक्रम संचालन ।

- फलफूल वेर्ना वितरण तथा क्षेत्रफल विस्तार जस्तै : भुईकटहर, लिच्चि, कागति ।
- स्थायी तरकारी नर्सरी निर्माण तथा सिकाई केन्द्र निर्माण ।
- कृषक प्रोत्साहान कार्यक्रम संचालन ।

च) पशु विकास क्षेत्र :

**कमलामाई नगरपालिका आत्मनिर्भर भएको पशु/कृषि उत्पादन :**

- दूध
- खसी बाख्राको मासु
- ब्रोइलर तथा स्थानिय कुखुराको मासु
- बंगुरको मासु
- च्याउ

- **दर्ता भएका पशु पंक्षि फार्मको विवरण :**

| क्र.सं. | विवरण | गाई फर्म | भैसी फर्म | बाख्रा फर्म | बंगुर फर्म | कुखुरा फर्म | राँगा फर्म | माछा फर्म | मिश्रीत फर्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दर्ता भएका फर्म | ५५ | ३५ | १८१ | ४५ | १७१ | २६ | ६ | १७८ | ६९७ |

- कृषकहरुका लागि विभिन्न पशु अनुदानका कार्यकमहरु संचालन ।
- विभिन्न पशु पकेट क्षेत्र घोषणा गरी अनुदान कार्यक्रम संचालन ।

**छ) नगर युवा स्वरोजगार कार्यक्रम :**

- हाल सम्म नगर युवा स्वरोजगार कार्यक्रम मार्फत विभिन्न युवा उद्यमीहरुलाई विना धितो विना ब्याज ७५ जना उद्यमीहरुलाई रु २,०२,००,०००/- (अक्षरेपी दुई करोड दुई लाख) ऋण प्रवाह गरिएको छ । यसबाट धेरै वरोजगार युवाहरु प्रत्यक्ष लाभान्वीत भएका छन् ।

**ज) भूमिहिन, दलित सुकुम्वासी तथा अव्यवस्थित वसोवास सम्वन्धमा :**

- ऐलानी जग्गा अन्तर्गत भूमिहिन, दलित सुकुम्वासी तथा अव्यवस्थित वसोवासी अन्तर्गत यस नगरपालिकाको कुल १४ वडा मध्ये १३ वडाको कार्य सम्पन्न भएको छ भने वाकी १ वडामा पनि नापजाँच कार्य भैरहेको छ । तसर्थ आउदो माघ महिनामा ऐलानी अभिलेखिकरण नापी कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
- यस अवधि सम्म १९४५ विघाहा १३ कट्ठा १७ धुर नापी कार्य सम्पन्न भएको यस सभामा जानकारी यहाहरु समक्ष राख्दै, ६ वडामा दावी विरोधका निम्ति भूमिहिन सुकुम्वासी तथा दलित सुकुम्वासीका प्रारम्भीक सूचि अन्तर्गत ७ दिने सूचना पठाइसकेकोले जिल्ला संरचन

गठन हुन साथ उल्लेख गरिएका ६ वडालाइ सम्बन्धित वडाको प्राप्त प्रगतीको आधारमा जग्गाधनी पुर्जा वितरणका लागि प्रारम्भता गरिने लक्ष्य रहेको छ ।

**झ) स्वास्थ्य तर्फ :**

- स्वास्थ्य संस्था नभएका वडाहरुमा नगर स्वास्थ्य चौकीको स्थापना ।
- मोतियाविन्दु, हर्निया, हाईड्रोसिल, पाठेघर खस्ने महिलाको निशुल्क शल्यकिया ।
- वडाहरुमा विशेषज्ञ चिकीत्सकहरुद्धारा निशुल्क स्वास्थ्य परीक्षण ।
- सिन्धुली अस्पतालमा प्रसुती केन्द्र लगायत डेन्टल कक्षको लागि आवश्यक वेड र औजारहरु हस्तान्तरण ।
- नगरको अत्यावश्यक स्थानमा प्रसुती केन्द्रको स्थापना ।
- कोभिड आईशोलेसन भवन निर्माण कार्यका लागि सहयोग ।
- कोभिड माहामारिको समयमा क्वारेन्टीन, आईशोलेसन संचालन ।
- सुत्केरी महिला घिउ वितरण, जेष्ठ नागरिक दाँत राख्ने, भिमान स्वास्थ्य चौकीमा चिक्तिसक व्यवस्थापन कार्यको थालनी ।

**ञ) सामाजिक विकास तर्फ :**

- गरिव मजदुरहरुका लागि स्वास्थ्य विमा अन्तर्गत आ.व. ०७६/०७७ मा ६०० घरधुरी र आ.व. ०७७/०७८ मा ८०० घरधुरी परिवारलाई स्वास्थ्य विमा गरिएको ।
- त्यस्तै आ.व.०७८/०७९ मा १००० घरधुरी परिवारलाई स्वास्थ्य विमा गर्ने लक्ष्य राखिएको । यसवाट गरिव विपन्न मजदुरको स्वास्थ्यमा पहुँच पुग्ने लक्ष्य लिइएको छ ।
- कोभिड माहामारिको समयमा आर्थिक रुपले विपन्न घरपरिवारलाई दुई पटक गरी झण्डै दश हजार घर परिवारलाई राहतको प्याकेज उपलब्ध गराईएको ।

**ट) शिक्षा विकास तर्फ :**

- नगर शिक्षक दरवन्दी शिक्षण अनुदान कार्यक्रम संचालन ।
- वालविकासका विद्यार्थीहरुको सिकाई सुनिश्चित गर्नका लागी संघीय वालविकास दरवन्दी नभएका विद्यालयहरुमा १४ जना वालविकास सहजकर्ता व्यवस्थापन ।
- शुन्य दरवन्दी भएका विद्यालयहरुमा १३ निमावि तथा ५ मा वि दरवन्दी सिर्जना तथा नगर शिक्षक व्यवस्थापन ।
- नगरको शिक्षा व्यवस्थित गर्न ३ वटा क्लष्टर सिर्जना तथा शिक्षा सहजकर्ता व्यवस्थापन ।
- नगरभित्र संचालित ५ ओटा सामुदायिक क्याम्पसहरुमा १/१ ओटा शिक्षक अनुदान

- नगरभित्रको सबै विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, लेखापालहरुलाई संघीय सरकारबाट तोकिएको मापदण्ड भन्दा अपुग तलव, भत्ता र सेवा सुविधा नगरपालिकाबाट व्यवस्थापन ।
- नगर नमुना र नगर आवासीय विद्यालय कार्यक्रम संचालन तथा आवश्यक वजेट व्यवस्थापन ।
- कोभिड-१९ वखत वैकल्पिक सिकाइ सहजीकरणका लागि रेडियो शिक्षा कार्यक्रम संचालन, स्वध्ययन सामग्री छपाइ र वितरण, शिक्षक तालिम संचालन ।
- नगरको शिक्षा गुणस्तरिय र व्यवस्थित बनाउन नगर शिक्षा ऐन, नियमावली स्थानीय शिक्षा नीति योजना निर्माण र कार्यन्वयन ।
- कमलामाई पहिचान नामक स्थानीय पाठयक्रम कक्षा १-८ निर्माण तथा यो शैक्षिक शत्रसम्म कक्षा ६ सम्म लागु तथा स्थानीय पाठ्यक्रम सिकाइ सहजीकरणका लागि पाठ्यसामग्री समेतको विकास ।
- नगर अंन्तर्गतका ९ ओटा माद्यमिक सामुदायिक विद्यालयहरुमा एडिविको सहयोगमा सुविधा सम्पन्न भवन निर्माण ।
- सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको लागि स्वेच्छिक अवकास कार्यक्रमका लागी रकम विनीयोजन ।
- विद्यालयमा अभिभावकहरुको अपनत्व विकास गर्नका निमित्त आमा समुह गठनका लागी रकम व्यवस्थापन ।
- नगरपालिकाको शैक्षिक पार्शव चित्र निर्माण सम्पन्न ।
- नगर अर्न्तगत ७ वटा विद्यालयहरुलाइ प्रदेश सरकार अर्न्तगत स्कूल बस व्यवस्थापन ।
- प्राविधिक शिक्षाको विकास एवं विस्तार गर्दै लैजाने उद्धेश्यले प्राविधिक शिक्षालय नुनथला, जनज्योति मा.वि. फोस्रेटार, कमला मा.वि. ढुङ्ग्रेवास, बरूणदेवी मा.वि. खट्टार तथा मा.वि. गढौलीमा अठार महिने तथा तिन वर्षे भेटनरी, कृषि र वनविज्ञान सम्वन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

**ठ) ऐतिहासिक सिन्धुली गढी क्षेत्र तर्फ**

- नेपालको ऐतिहासिकता बोकेको सिन्धुलीगढीको पुनरनिर्माण र प्रवर्द्धन गर्नु सम्बन्धित स्थानीय सरकारको काधमा आइपरेको काम थियो । हामी निर्वाचित भएर आएपछि सिन्धुलीगढीको पुनरनिर्माण गर्ने निर्णय र अठोट तय गर्यौ । हामिले निर्णय त गर्यौ तर हामीसँग सवैभन्दा ठुलो समस्या थियो यसका लागि लाग्ने धेरै ठुलो वजेट अनी ऐतिहासिकता र पुरातात्विक पहिचान सहितको इन्जिनियरिङ्ग ।

कार्यक्रम भएको थियो कालान्तरमा यही योजना हाम्रो लागि सिन्धुलीगढी पुनर्निर्माणको सहयोगी बन्न पुग्यो । नेपालीसेनाको सहकार्यमा हामीले करिव ३ वर्ष भित्रै नै सिन्धुलीगढीको पुरानो इतिहास र पर्यावरणलई यथास्थितीमा ल्याउन सफल भयौं ।

- आज सिन्धुलीगढी कमलामाई नगरपालिकाको सान मात्र होइन मजवुत आर्थिक उपार्जनको स्रोत वनेको छ । राष्ट्रिय गन्तव्यलाई पारगरेर अन्तरर्राष्ट्रिय गन्तव्यको रुपमा रुपान्तरण भै रहेको छ । कमलामाई नगरवासी र जिल्लाबासीहरुले यो गन्तव्य उपर गर्व गर्न लायक बनाएका छौं ।

**ङ) फोहोर मैला तथा वातावरण व्यवस्थापनतर्फ**

- कमलामाई नगरपालिकाको वढदो आवादी र चहलपहलले यो क्षेत्रको आम पर्यावरणलाई चुनौती थप्ने काम हामी सवैले अनुभूत गरीरहेकै छौं । पर्यावरण सम्बेदनशिल हुन मानिसमा सुझबुझ र उसको बानी परिवर्तन अति आवश्यक छ । यी दुवै प्राप्त गर्न मसिनो किसिमले मानिसले गर्दै आएको स्वभावगत गतिविधी उपर हस्तक्षेप नै गर्नुपर्दछ । जुन एकदमै जटिल कुरा हो ।
- कमलामाई नगरपालिकाले नगर सरसफाई र पर्यावरण जगेर्नाका लागि नगरबासीहरुलाई टोलविकास समिती मार्फत संगठित गर्ने, टोल विकास समितिका सदस्यहरुलाई सरसफाई र फोहोरको दिगो व्यवस्थापनका लागि अभिप्रेरित गर्ने जस्ता काम हाम्रो ५ वर्षको कार्यकालमा आसातित किसिमले सफल भएका छन् ।
- नगर क्षेत्रको फोहोर मैला व्यवस्थापन गर्ने उद्देश्यले निर्माण गरिएको डम्पिङ क्षेत्र नगरको नमूना रुपमा रहेको छ  यसको निरन्तर सुदृढीकरण र विकासका लागि यस अवधिमा धेरै कामहरु गरिएको छ ।
- प्लाष्टिक मुक्त शहर जस्तो चुनौतीपुर्ण कामको सुरुवात टोल विकास समितिले सुरु गरेका छन् । शहरको फोहोरलाई कम्पोष्टिङ्ग गर्ने कार्यको सुरुवात भएकोछ । खम्बेचौरलाई सौन्दर्यीकरण गरी रम्य उद्यानको रुपमा विकास गरिएको छ । एन्को क्लव मार्फत साना विद्यार्थीहरु संगठित भई आफ्नो समुदाय र टोलमा बातावरण प्रतिको सरोकारका कुराहरु जानकारी गराउने काम भइरहेको छ ।
- यसै वर्ष कमलमाई नगरपालिकाका सडक, विद्यालय र चोकमा करिव १००० ज्याकाराण्डा फुलहरु रोपीने छ । कालान्तरमा यी रुखहरुले शहरको शोभा वढाउँने छन् । कमलामाई नगरपालिकाको २ स्थानमा खुल्ला ब्यायामशाला पनि यसै वर्ष स्थापित हुँदैछ । यसले शहरी युवा तथा अन्यको लागि ब्यायामको निशुल्क सुविधा दिने छ ।

ङ) कमलामाई नगरपालिका न्यायीक समिति मार्फत भए गरेका कार्यहरुको प्रगति विवरण

मुद्दा तर्फको लगत फर्छ्यौट र बाँकी सम्बन्धी

आ.व.०७८/०७९ को पहिलो त्रैमासिक विवरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७(१) अन्तर्गत दर्ता भएका मुद्दाहरु

| सि.नं. | मुद्दाको विवरण | गत आ.व.२०७७ /०७८ बाट जिम्मेवारी सरी आएको | | | यस आ.व. २०७८/०७९ को श्रावणदेखि कार्तिक सम्म | | | दुवै जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँ |
| १ | सार्वजनिक बाटो खिचोला | २ | - | २ | १ | - | १ | ३ | - | ३ |
| २ | बाली नोक्सान गरेको | - | - | - | १ | - | १ | १ | - | १ |
| ३ | इज्जत आमद अनुसार खान लाउन नदिएको | - | - | - | १ | - | १ | १ | - | १ |
| ४ | कुलो उपयोग | - | | | | | | | | |
| | जम्मा | २ | - | २ | ३ | - | ३ | ५ | - | ५ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७(२) अन्तर्गत दर्ता भएका मुद्दाहरु

| सि.नं. | मुद्दा | जिम्मेवारी सरेको | | | यस वर्षको | | | दुवै जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँ |
| १ | जग्गा खिचोला | ८ | १ | ७ | १ | - | १ | ९ | १ | ८ |
| २ | साँधसिमाना मिचि निर्माण कार्य गरेको | २ | - | २ | - | - | - | २ | - | २ |
| ३ | गाली बेइज्जती | १ | - | १ | - | - | - | १ | - | १ |
| ४ | कुटपीट | - | - | - | - | - | - | - | - | - |
| ५ | घरेलु हिंसा | - | - | - | - | - | - | - | - | - |
| ६ | सम्बन्ध विच्छेद | १ | - | १ | - | - | - | १ | - | १ |
| ७ | पशुपंछी छाडा छोडेको | १ | - | १ | - | - | - | १ | - | १ |
| | जम्मा | १३ | १ | १२ | १ | - | १ | १४ | १ | १३ |

मुद्दा तर्फको लगत फछ्र्यौट र बाँकी सम्बन्धी
आ.व.०७८/०७९ को दोस्रो त्रैमासिक विवरण

**स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७(१) अन्तर्गत दर्ता भएका मुद्दाहरु**

| सि.नं. | मुद्दाको विवरण | गत आ.व.२०७७ /०७८ बाट जिम्मेवारी सरी आएको | | | यस आ.व. २०७८/०७९ को कार्तिक देखि पौष सम्म | | | दुवै जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट |
| १ | सार्वजनिक बाटो खिचोला | २ | - | २ | - | - | - | २ | - |
| २ | ज्याला मज्दुरी नदिएको | - | - | - | १ | - | १ | १ | - |
| ३ | इज्जत आमद अनुसार खान लाउन नदिएको | - | - | - | - | - | - | - | - |
| ४ | कुलो उपयोग | - | | | | | | | |
| | जम्मा | २ | - | २ | १ | - | १ | ३ | - |

**स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७(२) अन्तर्गत दर्ता भएका मुद्दाहरु**

| सि.नं. | मुद्दात्र | जिम्मेवारी सरेको | | | यस वर्षको | | | दुवै जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट | बाँकी | लगत | फछ्र्यौट |
| १ | जग्गा खिचोला | ८ | १ | ७ | १ | १ | १ | ९ | ३ |
| २ | साँधसिमाना मिचि निर्माण कार्य गरेको | २ | - | २ | - | - | - | २ | - |
| ३ | गाली बेइज्जती | १ | - | १ | - | - | - | १ | - |
| ४ | कुटपीट | - | - | - | - | - | - | - | - |
| ५ | घरेलु हिंसा | - | - | - | - | - | - | - | - |
| ६ | सम्बन्ध विच्छेद | १ | - | १ | - | - | - | १ | - |
| ७ | पशुपंछी छाडा छोडेको | १ | - | १ | - | - | - | १ | - |
| | जम्मा | १३ | १ | १२ | १ | १ | १ | १४ | ३ |

आ.व.२०७७/०७८ मा न्यायिक समितिमा दर्ता भएका मुद्दातर्फको वार्षिक प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७(१) अन्तर्गत दर्ता भएका मुद्दाहरु

| सि.नं. | मुद्दा | जिम्मेवारी सरेको | | | यस वर्षको | | | दुवै जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँकी |
| १ | सार्वजनिक बाटो खिचोला | १ | १ | - | १ | - | १ | २ | १ | १ |
| २ | बाटो खुलाइपाउँ | २ | २ | - | ७ | ५ | २ | ९ | ७ | २ |
| ३ | घरभाडा दिलाइपाउँ | - | - | - | १ | १ | - | १ | १ | - |
| ४ | कुलो उपयोग | - | - | - | १ | १ | - | १ | १ | - |
| जम्मा | | ३ | ३ | - | १० | ७ | ३ | १३ | १० | ३ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७(२) अन्तर्गत दर्ता भएका मुद्दाहरु

| सि.नं. | मुद्दा | जिम्मेवारी सरेको | | | यस वर्षको | | | दुवै जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँकी |
| १ | जग्गा खिचोला | १५ | १५ | - | १६ | ७ | ९ | ३१ | २२ | ९ |
| २ | ढल निकास | १ | १ | - | - | - | - | १ | १ | - |
| ३ | गाली बेइज्जती | १ | १ | - | १ | - | १ | २ | १ | १ |
| ४ | कुटपीट | - | - | - | २ | २ | - | २ | २ | - |
| ५ | घरेलु हिंसा | - | - | - | १ | १ | - | १ | १ | - |
| ६ | सम्बन्ध विच्छेद | - | - | - | १ | - | १ | १ | - | १ |
| ७ | पशुपंछी छाडा छोडेको | - | - | - | १ | - | १ | १ | - | १ |
| जम्मा | | १७ | १७ | | २२ | १० | १२ | ३९ | २७ | १२ |
| दुवै जम्मा | | २० | २० | - | ३२ | १७ | १५ | ५२ | ३७ | १५ |

आ.व.२०७७/०७८ मा न्यायिक समितिमा दर्ता भएका मुद्दातर्फको संक्षिप्त विवरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७(१) अन्तर्गत दर्ता भएका मुद्दाहरु

| सि.नं. | मुद्दा | जिम्मेवारी सरेको | | | यस वर्षको | | | दुवै जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँकी | लगत | फर्छ्यौट | बाँकी |
| १ | सार्वजनिक बाटो खिचोला | १ | १ | - | १ | - | १ | २ | १ | १ |
| २ | बाटो खुलाइपाउँ | २ | २ | - | ७ | ५ | २ | ९ | ७ | २ |
| ३ | घरभाडा दिलाइपाउँ | - | - | - | १ | १ | - | १ | १ | - |
| ४ | कुलो उपयोग | - | - | - | १ | १ | - | १ | १ | - |
| जम्मा | | ३ | ३ | - | १० | ७ | ३ | १३ | १० | ३ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४७(२) अन्तर्गत दर्ता भएका मुद्दाहरु

| सि.नं. | मुद्दा | जिम्मेवारी सरेको | | | यस वर्षको | | | दुवै जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फर्छौट | बाँकी | लगत | फर्छौट | बाँकी | लगत | फर्छौट | बाँकी |
| १ | जग्गा खिचोला | १५ | १५ | - | १६ | ७ | ९ | ३१ | २२ | ९ |
| २ | ढल निकास | १ | १ | - | - | - | - | १ | १ | - |
| ३ | गाली बेइज्जती | १ | १ | - | १ | - | १ | २ | १ | १ |
| ४ | कुटपीट | - | - | - | २ | २ | - | २ | २ | - |
| ५ | घरेलु हिंसा | - | - | - | १ | १ | - | १ | १ | - |
| ६ | सम्बन्ध विच्छेद | - | - | - | १ | - | १ | १ | - | १ |
| ७ | पशुपंछी छाडा छोडेको | - | - | - | १ | - | १ | १ | - | १ |
| जम्मा | | १७ | १७ | | २२ | १० | १२ | ३९ | २७ | १२ |
| दुवै जम्मा | | २० | २० | - | ३२ | १७ | १५ | ५२ | ३७ | १५ |

## न्यायिक समितिमा मुद्दा दर्ता भई सम्पादित कार्यहरुको विवरण

न्यायि समितिले आफु समक्ष पेश भएको स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७ अन्तर्गत न्यायिक समितिको अधिकार क्षेत्र भित्र पर्ने उप दफा १ र उपदफा २ बमोजिमको विवादहरुको उजुरी लिई सो उजुरी दर्ता गराई दर्ताको निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराइने छ । र दोस्रो पक्षलाई सो उजुरीका सम्बन्धमा कार्यवाही र किनारा गर्दा सम्बन्धीत वडा केन्द्रमा रहेको मेलमिलाप केन्द्रमा दुवै पक्षलाई पठाई वडा मेलमिलाप कर्ताले मेलमिलाप प्रयोजनार्थ छलफल गराई मेलमिलाप गराउने छन मेलमिलाप हुन नसके सो को प्रतिवेदन पश्याच्त प्रमाण मुकरर गरी अन्तिम काम कार्यवाही गरिनेछ ।

***आदरणीय नगरसभाका सदस्यज्यूहरु,***

५. चालु आर्थिक वर्ष २०७८/७९ को भण्डै छ महिना व्यतित भैसकेको अहिलेको अवस्थामा नगरपालिकाले अनुमान गरेको वार्षिक बजेट (थपघट भै आएको समेत) मा अहिलेसम्मको प्रगति विवरण म यस सम्मानित सभामा पेश गर्न चाहन्छु ।

| सि.नं. | विवरण | चालुतर्फ | पुँजिगततर्फ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | बजेट विनियोजन | ८०,२४,४०,११०।- (असी करोड चौबिस लाख चालिस हजार एक सय दश मात्र ।) | ३९,७९,२३,२९०।६१ (उनान्चालिस करोड उनान्असी लाख तेइस हजार दुई सय नब्बे र पैसा एकसट्ठी मात्र ।) | १,२०,०३,६३,४००।६१ (एक अर्ववीस करोड तीन लाखत्रिसट्ठी हजार चार सय र पैसा एकट्ठी मात्र ।) | पौष २९ गतेसम्मको विवरण समावेश |
| २ | खर्च | ३०,९९,८३,७४२।०७ (तीस करोड उनान्सय लाख त्रिआसी हजार सात सय बैयालिस र पैसा सात मात्र ।) | ९,२९,०१,२०३ (नौ करोड उनान्तीस लाख एक हजार दुई सय तीन मात्र ।) | ४०,२८,८४,९४५।०७ (चालिस करोड अट्ठाईस लाख चौरासी हजार नौ सय पैतालिस र पैसा सात मात्र ।) | |
| ३ | खर्च प्रतिशत | ३८.६३ | २३.३४ | ३३.५६ | |

६. लामो समयको अन्तरालमा जननिर्वाचित स्थानीय सरकारको गठन भएपछि हाम्रो सामु स्थानीय सरकालाई संस्थागत गर्ने, नीति, ऐन, कानुन, निर्देशिका, कार्यविधि निर्माण गर्नुपर्ने कार्य चुनौतीपूर्ण रुपमा देखा परेको साथै हामीलाई प्राप्त जिम्मेवारीले धेरै अवसरहरु पनि श्रृजना गरेको थियो । यस अवधिमा नगरपालिकालाई स्थानीय सरकारको रुपमा संस्थागत गर्न हामी निरन्तर लागि रह्यौ । र आज कमलामाई नगरपालिका जनताले महशुस गर्ने नजिकको सरकारको रुपमा उभिन सफल भएको छ । नगरको अभियानमा विभिन्न अप्ठ्यारा परिस्थितिहरुको सामनागर्दै नगरपालिकाको कार्यमा अहोरात्र लागिरहनु हुने यस नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी परिवार त्यस्तै नगरपालिका सँग सहकार्य गर्ने सामाजिक संघसंस्था, निजी क्षेत्र, प्रेस जगत तथा आम नगरवासी प्रति म हार्दिक धन्यवाद दिन चाहन्छु । नगरको सर्वौपरी विकासमा हामी सवैको एकता, हातेमालो र पारस्परिक सहयोगबाट मात्र संभव हुने हुनाले आउदा दिनहरुमा पनि नगरले लिएको नीति कार्यक्रमलाई सफलिभूत बनाउन हामी सवैको साझा प्रयास र एकता अझ सुदृढ हुदै जानेछ भन्ने कुरामा मैले विश्वास लिएको छु ।

**आदरणी नगरसभा सदस्यज्यूहरु**

अब म यस दशौं गरिमामय नगरसभामा समक्ष तपसिल बमोजिमका प्रस्तावहरु तथा विषयहरु स्वीकृतिको लागि पेश गर्दछु ।

**तपसिल:**

१. नेपाल सरकारको बजेट बक्तव्यमा उल्लेख भएअनुसार र नगरको नीति तथा कार्यक्रम अनुसार सबै सामुदायिक विधालयहरुमा कार्यरत विधालय कर्मचारी र बालविकास सहजकर्ताको मासिक पारिश्रमिक न्युनतम रु.१५०००।- ( अक्षेरेपी पन्ध हजार मात्र ।) पुर्याउने लक्ष्य रहेको साथै नगरको नीति, कार्यक्रम

र बजेटमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुले स्वेच्छिक अवकाश रोजेमा बढीमा रु २ लाख प्रोत्साहन दिने भन्ने व्यवस्थाका सन्दर्भमा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ मा शिक्षा विकास तर्फ सो शिर्षकमा विनियोजित बजेट र संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको सर्शत बजेटको रकम अपुग हुने देखिएकाले तपसिल बमोजिम शंसोधन गर्ने कार्यपालिकाको निर्णय यस सभामा स्वीकृतिका लागि पेश गर्दछु ।

| क्र.सं. | कार्यक्रम शीर्षक | घटाउने | बढाउने | कैफियत |
|---|---|---|---|---|
| १ | भैपरी आउने चालु शीर्षक (२८९११ ) | २५०००००।- | | |
| २ | तोकिएका विभिन्न योजना तथा कार्यक्रम ( २२५२२) | २५०००००।- | | |
| ३. | बाल विकास सहजकर्ता तथा विधालय कर्मचारी | | ३३०००००।- | |
| ४. | शिक्षक स्वेच्छिक अवकास/प्रोत्साहन | | १५०००००।- | |
| ५. | शिक्षा विविध | | २०००००।- | |

२. मदन - भण्डारी राजमार्गको चौडाई ३० मिटर हुने भनि नेपाल सरकार राजपत्र प्रकाशन भएकोमा हाल उक्त सडक ११ मिटर कायम हुने गरि निर्माण कार्य भई रहेकोले आफुहरुलाई समस्या परेको भनि धुरा देखि खट्टार सम्मका स्थानीयबासीहरुले कमलमाई नगरपालिकामा ज्ञापन पत्र वुझाएका हुँदा सडक छेउमा निर्माण भईसकेका , हाल निर्माणधिन र अव निर्माण हुने भवनहरुको उचित व्यवस्थापनका लागि सडकको केन्द्र विन्दुवाट दाया,वाया ५.५ मिटर गरी जम्मा ११ मिटर कायम गराउनको लागि नेपाल सरकारकमा अनुरोध गर्ने कार्यपालिकाको निर्णयलाई स्वीकृति हुन यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

३. स्थानीय स्वःमूल्याकंन कार्यविधि,२०७८ अनुसार विभिन्न संघ, प्रदेश, स्थानीय र जिल्ला समन्वय संग कमालमाई नगरपालिकावाट संचालन हुने सेवा प्रवाह र पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्नको लागि समन्वय गर्ने र नगरपालिका न्याय सम्पादन सम्बन्धी भएका कार्यहरु सभामा पेश गर्ने कार्यपालिकाको निर्णयलाई यस सभामा स्वीकृतिका लागि पेश गर्दछु !

४. चालु आर्थिक वर्षमा संचालन हुने गरी स्वीकृत वडास्तरिय देहाय बमोजिमका योजनाहरुको उल्लेख भए अनुसार नाम, शीर्षक तथा रकम संशोधन गरी पेश गर्ने कार्यपालिकाको निर्णयलाई यस गरिमामय सभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

| वडा नं. १ | | | | | |
|---|---|---|---|---|---|
| **स्वीकृत साविक योजनाको विवरण** | | | **संशोधन सहित स्वीकृत योजनाको विवरण** | | |
| सि.न. | योजनाको नाम | अनुदान रकम रु. | सि.नं. | योजनाको नाम | अनुदान रकम रु |
| १ | जोगी दमार वस्ती संरक्षण | १,००,०००।०० | १ | जोगी दमार वस्ती संरक्षण | १,००,०००।०० |
| २ | घुमाउने हात्तिमारा मच्छेनी सडक निर्माण | २,५०,०००।०० | २ | घमार मच्छीनी टोल वस्ती संरक्षण | २,५०,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सिक्वार मा.वि. केन्टार घेराबेरा | १,००,०००।०० | ३ | सिक्वार मा.वि. केन्टार फिल्ड मर्मत | १,००,०००।०० |
| ४ | देवी दमार ओरचौर पक्की पुल क्याडी तपुन पाइप कल्भर्ट निर्माण | ४,००,०००।०० | ४ | तिनतले सिंचाई | १,००,०००।०० |
| | | | ५ | खारखोला म्हो.पु. हुँदै जखनी जाने सडक | २,००,०००।०० |
| | | | ६ | चौराही खानेपानी | १,००,०००।०० |
| ५ | विभिन्न सडकहरु मर्मत | १,००,०००।०० | ७ | आपचौर खानेपानी | ५०,०००।०० |
| | | | ८ | कोप्चे कोन्द्रे हात्तिडुवा अस्थानी सडक मर्मत | ५०,०००।०० |

**वडा नं. २**

| स्वीकृत साविक योजनाको विवरण | | | संशोधन सहित स्वीकृत योजनाको विवरण | | |
|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. | सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |
| १ | चियाबारी, पचभैया, केवरेडाँडा, थाक्ले, लेखर्क खानेपानी | ५,००,०००।०० | १ | डुङ्ग्रेभञ्ज्याङ् खानेपानी तथा सरसफाई | १,००,०००।०० |
| | | | २ | लेखर्क खानेपानी योजना | १,००,०००।०० |
| | | | ३ | चियाबारी, पचभैया, केवरेडाँडा, थाक्ले दमार खा.पा. | ३,००,०००।०० |
| २ | खटार विद्यालय घेराबेरा | १,००,०००।०० | ४ | श्री बम्वेश्वरी आधारभुत विद्यालय शैक्षिक सुधार | १,००,०००।०० |
| ३ | सालुवेशी खोल्माडाँडा सडक सोलिङ् | २,००,०००।०० | ५ | सालुवेशी खोल्माडाँडा सडक मर्मत | २,००,०००।०० |

**वडा नं. ३**

| स्वीकृत साविक योजनाको विवरण | | | संशोधन सहित स्वीकृत योजनाको विवरण | | |
|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. | सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |
| १ | कार्कीटोल घोरेटो बाटो निर्माण | २,००,०००।०० | १ | कार्कीटोल खानेपानी योजना | २,००,०००।०० |

**वडा नं. ५**

| स्वीकृत साविक योजनाको विवरण | | | संशोधन सहित स्वीकृत योजनाको विवरण | | |
|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. | सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |
| १ | साइनिङमुन पश्चिम दिलिप जंग थापाको घर तर्फ जाने बाटो मर्मत | ३,००,०००।०० | १ | सखौरे टोल गोरेटो बाटो मर्मत | १,००,०००।०० |
| | | | २ | जरायोटार इनार निर्माण | ४०,०००।०० |
| | | | ३ | आहाले इनार निर्माण | ४०,०००।०० |
| | | | ४ | ढकालगाउँ इनार निर्माण | ४०,०००।०० |
| | | | ५ | कालिकाटार इनार निर्माण | ४०,०००।०० |
| | | | ६ | मधुमार्गटोल इनार निर्माण | ४०,०००।०० |

| वडा नं ६ | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृत साविक योजनाको विवरण | | | संशोधन सहित स्वीकृत योजनाको विवरण | | |
| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. | सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |
| १ | खरीको घर ओरालोबाट खांद जाने बाटो स्तरोन्ती | २,००,०००।०० | १ | काभ्राको चोक हुँदै सूर्योदय बोर्डिङ जाने बाटो पूर्वतर्फ जाने भित्री ओरालो बाटो स्तरोन्नती | २,००,०००।०० |
| २ | फुलबारी इनार खोल्सीबाट लक्षिण तर्फ जाने शाखाबोटे | १,००,०००।०० | २ | फुलबारीटोल महिला सचेतना केन्द्र अधुरो भवन निर्माण | १,००,०००।०० |
| ३ | पानीटचांकी खोल्सी सिंचाई निर्माण | ९०,०००।०० | ३ | पानीटचांकी खोल्सी पुग्ने बाटो मर्मत तथा ग्राभेल | ९०,०००।०० |

| वडा नं. ९ | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृत साविक योजनाको विवरण | | | संशोधन सहित स्वीकृत योजनाको विवरण | | |
| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. | सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |
| १ | वताना खोला व्यवस्थापन | १,००,०००।०० | १ | कोरुङ खोला व्यवस्थापन | १,००,०००।०० |
| २ | कोरुङखोला ठाडो बाटो | १,००,०००।०० | २ | बथानचोडी ठाडो बाटो | १,००,०००।०० |
| ३ | वतनाखोलामा वारिपारी गर्ने बाटो निर्माण | १,००,०००।०० | ३ | सुविधानगर भित्रीबाटो ढलान | १,००,०००।०० |

| वडा नं. १० | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृत साविक योजनाको विवरण | | | संशोधन सहित स्वीकृत योजनाको विवरण | | |
| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. | सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |
| १ | एकीकृत भवन निर्माण दोभान | ३,००,०००।०० | १ | एकीकृत भवन तथा भवन जाने सडक निर्माण दोभान | ३,००,०००।०० |

| वडा नं. ११ | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृत साविक योजनाको विवरण | | | संशोधन सहित स्वीकृत योजनाको विवरण | | |
| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. | सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |
| १ | फिटिङ-भिरगाउँ-चिसापानी-नौलेडाँडा सडक सरसफाई | १,५०,०००।०० | १ | फिटिङ-काठेपुल सडक मर्मत | १,५०,०००।०० |
| २ | तेसैखोला-डोटेटोल सिंचाई कुलो मर्मत | १,००,०००।०० | २ | धुरुनचेकीटोल सडक निर्माण | १,००,०००।०० |
| ३ | शहरे-खमारे सिंचाई कुलो मर्मत | १,००,०००।०० | ३ | वेग ब.टोल सिंचाई कुलो मर्मत | १,००,०००।०० |
| ४ | इनार निर्माण फिटिङ थरहरी वेसारे र वेसारे दोभान | २,००,०००।०० | ४ | सिमले खानेपानी टचांकी निर्माण | ५०,०००।०० |
| | | | ५ | वेसारे इनार मर्मत | ५०,०००।०० |
| | | | ६ | थरहरी इनार मर्मत | ५०,०००।०० |
| | | | ७ | डिल बहादुर मुक्तानटोल सिंचाई | ५०,०००।०० |
| ५ | खड्कुले-राउण्डे सिंचाई कुलो मर्मत | १,००,०००।०० | ८ | भडारीचौर-तेर्सेखोला-हात्तीढुङ्गा सिंचाई कुलो मर्मत | १,००,०००।०० |

| वडा नं. १३ | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृत साविक योजनाको विवरण | | | संशोधन सहित स्वीकृत योजनाको विवरण | | |
| सि.नं. | योजनाको नाम | अनुदान रकम रु. | सि.नं. | योजनाको नाम | अनुदान रकम रु. |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | मडाहा ट्रष्ट पुल निर्माण | ३,००,०००।०० | १ | मडाहा होम पाइप कल्भर्ट निर्माण | ३,००,०००।०० |
| २ | नगरपालिका विपद कोष | १,००,०००।०० | २ | रुचानी रातमाटे कुवा मर्मत | २०,०००।०० |
| | | | ३ | कमलाखोला देखी खोरखोला जोड्ने सडक निर्माण | ८०,०००।०० |
| ३ | खेल मैदान स्तरोन्नती | १,००,०००।०० | ४ | खेल मैदान स्तरोन्नती | ५०,०००।०० |
| | | | ५ | खेलकूद सुदृढीकरण कार्यक्रम | ५०,०००।०० |

५. आ.व.२०७३/०७४ देखि आ.व.२०७६/०७७ को महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण हुदा औल्याइएको बेरुजुहरु सरकारी हानी नोक्सानी नभएको काम गर्ने क्रममा प्रकृयागत सामान्य कमिजोरीको कारण बेरुजु कायम भएका निम्न बेरुजु उपर यस नगर सभामा छलफल लागि पेश गर्दछु । र आगामी दिनमा उक्त किसिमका बेरुजहरुमा सुधार गर्दै जाने र तल उल्लेखित बेरुजुहरु सरकारी हानी नोक्सानी अन्तर्गत नपर्ने देखिएको हुदा श्री महालेखा परीक्षकको कार्यालय समक्ष लगत कट्टाको लागि पेश गर्न स्वीकृतीका लागि यस सम्मानित सभामा अनुरोध गर्दछु ।

| दफा | छोटकरी ब्यहोरा | पुष्टयाई | रकम |
|---|---|---|---|
| | | आ.व.२०७३/०७४ | |
| ३ | बक्यौता रकम | निम्न संघ,संस्था र व्यक्तिहरुबाट यस न.पा.को सटर कोठाभाडा बापत तिर्न बुझाउनु पर्ने रकम सोही आ.व.को लेखापरीक्षण हुदा उल्लेखित बेरुजु रकम निम्न संघ,संस्था र व्यक्तिहरुबाट प्राप्त हुन आएको व्यहोरा राजश्व उप शाखाबाट प्राप्त बिवरण अनुसार लगत कट्टाको लागि श्री महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु हुन । | ७२४४५०.०० |
| ४ | धरौटी | धरौटी आर्थिक कार्यविधि नियमावली :, २०६४ को नियम ६८प्रत्येक (१)कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटीको रकमकोकारोवारको लेखा अनुसूची १० वमोजिमआर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ७१ बैंकबाट (१) धरौटी खाताको बैंकस्टेटमेन्ट प्राप्त गरी सेस्ता बाँकी रकम बैंकमा बाँकी रकम मासिक रुपमा भिडाईहिसाब मिलान गर्नु पर्दछ । यस कार्यालयको धरौटी बैंक स्टेटमेन्टमा रु.३९८०४४५।६७ र श्रेस्ता अनुसार बाँकी देखिएकोले फरक पर्न गएको ६७।३९६२७२४ . रकमरु।१७७२१ .– हिसाब मिलान हुनु पर्दछ । भनि उल्लेख भएकोमा सोहि आ.ब.को अन्त्यमा हिसाब मिलान भैसकेको हुदा उल्लेखित बेरुजु महालेखा परीक्षकको कार्यालय समक्ष लगत कट्टाको लागि पेश गर्नु हुन | १७७२१.०० |
| ७.२ | जिन्सी दाखिला | जिन्सी कार्यालयले जनसेवा पुस्तकालय र नेपाल पत्रकार महासंघ :सिन्धुलीलाई क्रमश : ।१०९४२६ .रु– का विभिन्न प्रकारको फर्निचर सहयोग गरेकोमा तिफर्निचर सम्बन्धित निकायको जिन्सी खातामा आम्दानी जनाएको प्रमाण पेश हुनु आएकोले लगत कट्टाको लागि महालेखा परिक्षकको कार्यालय समक्ष पेश गर्न हुन | १०९४२६.०० |
| ८.२ | नर्म्स भन्दा बढी भुक्तानी | अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७३ अनुसार कार्यक्रम स्वीकृत गर्दा श्रोत ब्यक्ति. तथा प्रशिक्षकलाइ इन्धनको खर्च लेख्न नमिल्ने भएता पनि श्रोत ब्यक्ति तथा प्रशिक्षकलाइ इन्धनको ब्यबस्था भए पश्चात कार्यक्रममा आउने हुदा सो कार्यक्रम स्वीकृत गर्दा इन्धन खर्च समेत दिने गरी कार्यक्रमको रकम भुक्तानी गरीएको हुदा उक्त बेरुजु रकम लगत कट्टाको लागी महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु हुन । | १५९०५.०० |
| ९.१ | बढी भुक्तानी | बोलपत्र मुल्याङ्कन समितिको बैठकमा आमन्त्रीत सदस्यहरुले बुझेको रकम बेरुजु कायम भएको हुदा उक्त बैठक भत्ता रकम आमन्त्रीत सदस्यहरुलाइ दिन नमिल्ने भन्ने उल्लेख नभएकोले उक्त बैठक भत्ता रकम लगत कट्टाको लागि महालेखा परिक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । | ११५००.०० |
| १६.१ | कर दाखिला | तल्कालिन जलकन्या गा.वि.स.को भौचर नं.०६ बाट सडक मर्मत कार्यको अन्तिम बिल भुक्तानी गर्दा १० प्रतिशत बहाल कर कट्टा गर्नु पर्नेमा नगरेको भनि बेरुजु कायम हुन आएकोमा सो बहाल कर यस पालिकाले लिन पाउने बर्तमान ब्यबस्था अनुसार एक पटकलाइ तत्कालिन गा.वि.स.बाट संञ्चालित योजना भएको र उक्त योजनाको कागजात समेत यस कार्यालयमा नभएकोले सो रकम लगत कट्टाको लागि महालेखा परिक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । | ४५०००.०० |
| | | **आ.ब.२०७४/०७५** | |
| १५ | भाडा कर | यस नगरपालिका संचालित बिभिन्न योजना कार्यक्रमहरुको लागि प्रयोग भएको सामान ढुवानी कार्यको लागि बर्तमान ब्यबस्था अनुसार नगरपालिकाले उठाउन पाउने १० प्रतिशत बहालकर बापतको रकम विभिन्न योजना कार्यक्रमबाट कट्टा गरि जम्मा भएको रकम नगरपालिकाको संचित कोष खातामा दाखिला गरिएको हुदा सो रकम धरबहाल कर सम्बन्धि ब्यबस्था अनुसार लगत कट्टाको लागि महालेखा परिक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । | ४५५६७११.०० |
| ३९ | कक्षा ८ को परिक्षा | नगरपालिका स्तरीय आधारभुत तह उत्रिर्ण परिक्षा संचालन खर्च न.पा.को आन्तरीक | ३९११३३.०० |

| | | | |
|---|---|---|---|
| | **संचालन खर्च** | श्रोत खाताबाट खर्च लेख्नु पर्नेमा नलेखिएको कारण बेरुजु कायम भएको हुदा सो सम्बन्धमा सोहि आ.ब.को संघिय सशर्त अनुदान कार्यक्रम नं.२२५१२ बाट कक्षा ८ को परिक्षा संचालन सम्बन्धि खर्च स्वीकृत कार्यक्रम भित्रबाट खर्च गरिएको हुदा सो रकम लगत कट्टाको लागि श्री महालेखा परिक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । | |
| ५६ | **स्टल भाडा रकम** | निम्न संघ,संस्था र व्यक्तिहरुबाट यस न.पा.को सटर कोठाभाडा बापत तिर्न बुझाउनु पर्ने रकम सोही आ.ब.को लेखापरीक्षण हुदा उल्लेखित बेरुजु रकम निम्न संघ,सस्था र व्यक्तिहरुबाट प्राप्त हुन आएको ब्यहोरा राजश्व उप शाखाबाट प्राप्त बिबरण अनुसार लगत कट्टाको लागि श्री महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु हुन । | ४८८४२ |
| | | **आ.ब.२०७५/०७६** | |
| १५.१ | **रकम फिर्ता** | छैठौ नगरसभाबाट फिर्ता दिने भनि निर्णय भए अनुसार फिर्ता गरिएको । सातौ नगरसभाको निर्णय नं.४ अनुसार सभाको निर्णय प्रतिलिपि संम्लग्न । | २००००० |
| १५.२ | **उठन बाकि बहाल भाडा** | निम्न संघ,संस्था र व्यक्तिहरुबाट यस न.पा.को सटर कोठाभाडा बापत तिर्न बुझाउनु पर्ने रकम सोही आ.ब.को लेखापरीक्षण हुदा उल्लेखित बेरुजु रकम निम्न संघ,सस्था र व्यक्तिहरुबाट प्राप्त हुन आएको ब्यहोरा राजश्व उप शाखाबाट प्राप्त बिबरण अनुसार लगत कट्टाको लागि श्री महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु हुन । | ३५५४७० |
| ५२ | **विधुत महशुलमा थप दस्तुर** | नेपाल बिधुत प्राधिकरणबाट मिटर रिडिङ्ग गर्दा सेवा बिल ढिलो गरि प्राप्त हुन गै सो बापत मासिक बिल भुक्तानी गर्दा जरिवाना लागेको कारण बेरुजु कायम भएको हुदा सो सम्बन्धमा ढिलो गरि बिधुत बिल प्राप्त भएको कारण बेरुजु औल्याइएको हुदा सो जरिवाना बापत निस्केको बेरुजु रकम लगत कट्टाको लागि श्री महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु हुन । | १२५३९८ |
| ६९ | **विधुत महशुलमा जरिवाना** | नेपाल बिधुत प्राधिकरणबाट मिटर रिडिङ्ग गर्दा बिभिन्न स्वास्थ्य चौकी जिल्ला समन्वय समिति (वडा नं.६ को कार्यालय )को नाममा जडान भएको सेवा बिल ढिलो गरि प्राप्त हुन गै सो बापत मासिक बिल भुक्तानी गर्दा जरिवाना लागेको कारण बेरुजु कायम भएको हुदा सो सम्बन्धमा ढिलो गरि बिधुत बिल प्राप्त भएको कारण बेरुजु औल्याइएको हुदा सो जरिवाना बापत लागेको बेरुजु रकम लगत कट्टाको लागि श्री महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु हुन । | ६७७६४ |
| ५६ | **नाफामुलक संस्थाबाट गोष्ठी सञ्चालन** | वचत तथा सहकारी संघ लि.मार्फत सहकारी मार्फत उद्यमशिलता विकास गोष्ठी संचालन भएकोमा बेरुजु कायम भएको हुदा सो सम्बन्धमा यस कमलामाइ नगरपालिका अन्तर्गत रहेका सहकारीहरुलाई कार्यक्रम संचालन गर्ने क्रममा बचत तथा सहकारी संघको अगुवाइमा भएको र सो कार्यक्रमको भुक्तानी लिने क्रममा अगुवाइ गरेको कारण सोही सहकारी संघबाट भुक्तानी लिइएको हुदा उक्त रकम लगत कट्टाको लागि श्री महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु हुन । | ८३५३५ |
| ७८ | **स्मार्ट सिटी प्लान** | पालिकाबाट स्मार्ट सिटी प्लान निर्माण कार्यको लागि श्री सिन्धुली सामाजिक जागरण समुह क.न.पा.६ सिन्धुलीलाइ दिइएकोमा श्री महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुदा उक्त संस्थाको सामाजिक सेवा तथा कार्य गर्न दर्ता भएको उक्त कार्य गर्ने प्राबिधिक क्षमता तथा जनशक्ति नभएको अबस्था रहेको उक्त संस्थाले सम्झौता मिति भन्दा पहिले कार्यक्रम संचालन गरेको भनि पेश भएका बिल भर्पाइका आधारमा उक्त संस्थाले पालिकासंग भएको सम्झौता अनुसारको कार्य गरेको हो भन्न सकिएन त्यसैले उक्त रकम अशुल हुनुपर्ने देखिएको भनि श्री महालेखा परीक्षकको कार्यालयबाट बेरुजु कायम भएकोमा उक्त संस्थाबाट निम्न कागजात सहित बेरुजु लगत कट्टाको लागि पेश हुन आएको हुदा यस सभामा छलफल हुदा उक्त बेरुजुश्री महालेखापरीक्षकको कार्यालयसमक्ष पेश गर्न हुन<br>१) न.पा र संस्था बिच भएको संम्झौता पत्रको प्रतिलिपि<br>२) स्मार्ट सिटी निर्माणको दक्ष जनसशक्तिहरु संग भएको सम्झौताको प्रतिलिपि | ३००००० |

| | | |
|---|---|---|
| | | ३) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपिहरु<br>४)स्मार्ट सिटी मास्टर प्लान प्रतिबेदन प्रतिलिपि<br>५) यस कार्यालयमा सामाजिक जागरण समुह क.न.पा.६ रिन्धुलीबाट स्मार्ट सिटी प्रतिवेदन सामाजिक विकास शाखामा प्राप्त भएको जानकारी पत्र |
| | | **आ.ब.२०७६/०७७** |
| दफा | छोटकरी ब्यहोरा | **पुष्टयाईं** |
| ५९ | **दोहोरो भुक्तानी** | गो.भा.नं.१०९ बाट कम्प्युटर अपरेटर श्री सन्तोष घिमिरेले रिट्ठे सिस्नेरी सडक सफाइ कार्यको लागि भुक्तानी भएकोमा सोही स्थानमा बर्षाले पुन बगाइ उपभोक्ता समिति मार्फत सम्झौता गराइ यस कार्यालयबाट भुक्तानी भएकोमा महालेखा परिक्षकबाट बेरुजु औल्याइएको हुदा सो सम्बन्धमा वडा कार्यालयमा सोधनी हुदा एक पटक कार्य गराइ सडक सुचारु भएको र पुन अबिरल बर्षाको कारण क्षति भएको र सो कार्यको लागि उपभोक्ता समिति मार्फत कार्य भएको भनि वडा कार्यालयबाट निर्णय सहित प्राप्त भएको हुदा लगत कट्टाको लागि पेश गर्नु हुन । |
| ६७ | **निजी विद्यालयलाइ अनुदान** | पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सरकारी सामुदायिक विद्यालय तथा निजि विद्यालयलाई प्रोत्साहित गर्ने कार्य अन्तर्गत विज्ञान प्रदर्शनी कार्यक्रम संचालनको लागि सामुदायिक बिद्यालयहरुबाट कार्यक्रम गर्न कुनै सामुदायिक विद्यालयहरुबाट प्रस्ताव पेश हुनं नआएको र सो कार्यक्रम निजि विद्यालयको तर्फबाट न्यु इङ्गलिस बोडिङ्ग स्कुलबाट रकम बितरण गरि कार्यालय समक्ष बिल भर्पाइ पेश गरि सोधभर्ना लिने काम मात्र गरेको भन्ने नगर शिक्षा शाखाबाट समेत सिफारिस प्राप्त भएको हुदा उक्त बेरुजु रकम एक पटकलाइ पुन नदोहोरिने गरि महालेखापरीक्षकको कार्यालय समक्ष लगत कट्टाको लागि पेश गर्नु हुन |
| ८४ | **लेखा परीक्षण तथा सामाजिक परिक्षण** | विद्यालय सञ्चालन तथा ब्यवस्थापन अनुदानबाट आधारभुत तहका ७० विद्यालयलाइ १०००० को दरले रु.७०००००। र मा.वि.तहका २६ विद्यालय लाइ १५००० का दरले रु.३९००००। गरि सामाजिक परिक्षण तथा लेखापरीक्षण अनुदान रु.१०९००००। बिभिन्न विद्यालयलाइ गो.भा.नं.५१/०७६।१०।०८ बाट निकासा भएकोमा सामाजिक परिक्षण तथा लेखापरीक्षण भएको प्रमाण तथा प्रतिबेदन पेश हुन आएकोले महालेखापरीक्षकको कार्यालय समक्ष लगत कट्टाको लागि पेश हुन आएको |
| ९२ | **अन्य कार्यालयको खर्च** | निर्धारित कार्यमा खर्च गर्न सशर्त बजेटमा प्राप्त रकम कार्यक्रम अनुसार निर्धारित शिर्षकमा मात्र खर्च गर्नु पर्दछ ।नगरपालिकाले आयुर्बेद स्वास्थ्य तर्फ मेसिनरी औजार शिर्षकमा बजेट अपुग भै कर्मचारीको तलब,भत्ता लगायत प्रशासनिक खर्च शिर्षकबाट जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्रलाई आबश्यक ल्यापटप प्रिन्टर प्रोजेक्टर स्कीन ट्रीपोड खरिद गरि केन्द्रलाइ उपलब्ध गराइएको सो रकम लगत कट्टाको लागिश्री महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो । |
| १०१ | **छानविन गरि एकिन गर्नु पर्ने** | सो बेरुजुको सम्बन्धमा यस कार्यालयको सामाजिक सुरक्षा तथा पंजिकरण उप-शाखाबाट छानविन गरि प्राप्त प्रतिवेदन अनुसार लगत कट्टाको लागि श्री महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु हुन । |
| १०२ | **छानविन गरि एकिन गर्नु पर्ने** | सो बेरुजुको सम्बन्धमा यस कार्यालयको सामाजिक सुरक्षा तथा पंजिकरण उप-शाखाबा छानविन गरि प्राप्त प्रतिवेदन अनुसार लगत कट्टाको लागि श्री महालेखा परीक्षकक कार्यालय समक्ष पेश गर्नु हुन । |
| १०३ | **छानविन गरि एकिन गर्नु पर्ने** | सो बेरुजुको सम्बन्धमा यस कार्यालयको सामाजिक सुरक्षा तथा पंजिकरण उप-शाखबा छानविन गरि प्राप्त प्रतिवेदन अनुसार लगत कट्टाको लागि श्री महालेखा परीक्षकक कार्यालय समक्ष पेश गर्नु हुन । |
| ११० | **आन्तरीक ले.परीक्षण** | नेपाल बिधुत प्राधिकरणबाट मिटर रिडिङ्ग गर्दा सेवा बिल ढिलो गरि प्राप्त हुन गै स बापत मासिक बिल भुक्तानी गर्दा जरिवाना लागेको कारण बेरुजु कायम भएको हुदा स |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धमा ढिलो गरि बिधुत बिल प्राप्त भएको कारण बेरुजु औल्याइएको हुदा सो जरिवाना बापत लागेको बेरुजु लगत कट्टाको लागि श्री महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु हुन । | |

६. आ.व. २०७८/७९ को खेलकुद विकास बजेट अन्तर्ग विनियोजित एक वडा एक खेल मैदा स्तरोन्नती कार्यक्रममा विनियोजित रु. ७ लाख बजेट शीर्षकलाई खेलकुद विकास सुद्धिढीकरण कार्यक्र शीर्षक राखि प्रत्येक वडामा कार्यक्रम संचालन गर्ने गरी रु. ५० हजारका दरले बजेट विनियोजन ग सभामा पेश गर्ने कार्यपालिकाको निर्णय अनुसार स्वीकृतिका लागि यस सभा समक्ष पेश गर्दछु ।

७. सिन्धुलीगढी खानेपानी योजना लगायतका योजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (डीपीआ तयार गर्ने निर्णय गरियो ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

गरिमामय १० औं नगर सभा समक्ष माथि पेश गरिएका विभिन्न सवै विषयहरु तथा प्रस्तावहरु माथि सभामा छलफल हुँदा सभाका सवै सदस्यज्यूहरुबाट सर्वसम्मत ढंगले स्वीकृत गर्ने निर्णय भएका माथि पेश गरिएका सवै प्रस्ताव तथा विषयहरु यस दशौं नगर सभाबाट स्वीकृत भएको जानका गराउंदछु ।

धन्यवाद ।

(खड्ग बहादुर खत्री)
नगर प्रमुख
मितिः २०७८/०९/३०